# नेपाल विद्यार्थी संघ

### पूर्व केन्द्रीय समिति ( २०६८-२०७३)

## बृहत भेटघाट तथा पुनर्मिलन कार्यक्रम

### २०८१ साल फाल्गुण ९ र १० गते, नगरकोट, भक्तपुर

### वर्तमान राजनितिक अवस्था, नेपाली कांग्रेस, र हाम्रो भुमिका विषयक संक्षिप्त समिक्षा

आदरणीय पत्रकार मित्रहरु

अधिवेशन, महाधिवेशनहरुले राजनैतिक संगठनका जीवनमा नयाँ उर्जा पैदा गर्दछ । नेपाल विद्यार्थी संगठनको लामो समय सम्म महाधिवेशन हुन नसक्दा नेपाली कांग्रेसले निकै चुनौतिको सामना गर्न परेको थियो । पार्टी भित्रको अन्तरविरोध समेत निकै बढेको अवस्थामा नेपाल विद्यार्थी संघको महाधिवेशन सम्पन्न गर्ने गहन जिम्मेवारीका साथ २०६८ सालमा मेरो नेतृत्वमा पार्टीले ने.वि. संघ केन्द्रीय समिति निर्माण गऱ्यो । पार्टी भित्र विद्यमान असङ्ख्य चुनौतिका वावाजुद २०७३ साल श्रावणमा नेपाल विद्यार्थी संघको एघारौं महाधिवेशन सफलता पुर्वक सम्पन्न गरी निर्वाचन प्रक्रिया मार्फत नेतृत्व हस्तान्तरण गरियो । त्यस पछि नेपाल विद्यार्थी संघको महाधिवेशन हुन सकेको छैन । यसबाट पार्टी संगठनले कैयौं चुनौति सामना गर्न परिरहेको छ ।

आज नेपालको राष्ट्रिय राजनीति सहि बाटोमा अघि बढ्न सकिरहेको छैन । विश्व सुचाँकमा नेपाल क्रमशः पछि पर्दै गएको छ । नेपाली कांग्रेसले राष्ट्रिय राजनीतिमा निर्णायक भूमिका निर्वाह गर्न नसकेका कारण यावत समस्याहरु आइपरेको हाम्रो बुझाई छ । नेपाली कांग्रेसलाई राष्ट्रिय राजनीतिको मियोको रुपमा स्थापित गर्दै पार्टीलाई निर्णायक भूमिकामा पुऱ्याउनका निम्ति पार्टी भित्र तिव्र बहस, छलफल, संवाद चलिरहेको छ । यसै सन्दर्भमा ऐतिहासिक जिम्मेवारी पुरा गरेर आएको हाम्रो समितिको काँधमा पार्टी राजनीतिलाई थप उचाइमा पुऱ्याउनका निम्ति स्वभाविक रुपमा जिम्मेवारी रहने गर्दछ । यही कुरालाई मध्य नजर गरी हाम्रो केन्द्रीय समितिको बृहत भेटघाट तथा पुनर्मिलन कार्यक्रम २०८१ साल फाल्गुण ९ र १० नगरकोटमा सम्पन्न गऱ्यौं । २ दिन सम्म चलेको उक्त कार्यक्रममा वर्तमान राजनैतिक अवस्था, नेपाली कांग्रेस र हाम्रो भूमिका विषयक संक्षिप्त समिक्षा कार्यपत्र प्रस्तुत गरी बृहत छलफल, अन्तरसंवाद गरियो । उक्त छलफलबाट सहभागी साथीहरुले महत्वपुर्ण सुझाव राख्दै पार्टी संगठन सुढृडिकरणका निम्ति नगरकोट घोषणापत्र जारी गरिएको छ । नगरकोट घोषणाले पारित गरेको महत्वपुर्ण बुँदाहरु सार्वजनिक गर्नका निम्ति यो पत्रकार सम्मेलन आयोजना गरिएको छ ।

# नेपाल विद्यार्थी संघ

**पूर्व केन्द्रीय समिति ( २०६८-२०७३)**

## बृहत भेटघाट तथा पुनर्मिलन कार्यक्रम

**२०८१ साल फाल्गुण ९ र १० गते, नगरकोट, भक्तपुर**

## नगरकोट घोषणा

**राज्य प्रतिको हाम्रो उद्देश्य**

प्राकृतिक साधन स्रोतले सम्पन्न हाम्रो मुलुकमा नेतृत्वले राम्रो सुझबुझका साथ राज्य संचालन गर्ने हो भने नेपाल उन्नत र विकसित राष्ट्रको तहमा पुग्न धेरै समय लाग्दैन । राजनैतिक हक अधिकार स्थापित गर्दै सम्पुर्ण खाले दमन शोषण, अन्याय, अत्याचारमुक्त समाजको स्थापना पहिलो उद्देश्य रहिआएको छ । त्यस्तै गरी आर्थिक क्रान्ति मार्फत समृद्ध नेपालको निर्माण र लोककल्याणकारी समतामुलक समाजको निर्माण नै मुल उद्देश्य रहेको छ ।

**नेपाली कांग्रेस प्रतिको हाम्रो दायित्व**

नेपाली कांग्रेसले राष्ट्रिय राजनीतिमा निर्णायक भूमिका निर्वाह गर्न सके मात्र राष्ट्रिय समृद्धिको नेतृत्व पनि लिन सकिन्छ । यसका निम्ति पार्टी संगठनको वैचारिक र सांगठनिक क्षेत्रमा आमुल परिवर्तनको आवश्यकता छ । राजनैतिक दलको मष्तिश्क भनेको यसले अङ्गिकार गरेको विचार, सिद्धान्त, नीति तथा कार्यक्रम हुन् भने संगठन यसका शारिरीका र भौतिक अङ्गहरु हुन् ।

**विचारको बहस :**

विश्व दृष्टिकोणका आधारामा राष्ट्रियता, लोकतन्त्र, समाजवादी आदर्श र दर्शनको मुल भावनामा रहेर विचार, सिद्धान्त र आदर्शको समय सापेक्ष व्याख्या, पुनर्व्याख्या र पुनर्व्याख्या पार्टी मुख्य विषय हो । यसका साथै पार्टीले स्थापना कालदेखि अङ्गिकार गर्दै आएका नीति तथा कार्यक्रमको गहन अध्ययन गरी तीन तहको सरकारले देश र जनताका निम्ति गर्नु पर्ने नीति तथा कार्यक्रमको वृहत खाका निर्माण गरिने छ ।

**संगठन सुदृढीकरणमा हाम्रो प्रयास र प्रतिवद्धताहरु:**

- पार्टीले आयोजना गरेको न्युनतम ३ वटा कार्यक्रममा सहभागी र १ वटा प्रशिक्षणमा सहभागी भएको मापदण्डका आधारमा सक्रिय सदस्यता वितरण गरी यसलाई थप जिम्मेवार बनाउने ।
- ४० वर्ष भित्रका युवाहरुलाई ३०% र विज्ञहरुका निम्ति १०% सम्मको प्रतिनिधित्वको सुनिश्चितता गराउन विधानमा नै व्यवस्था गर्ने
- पार्टीको कार्यकारी पदमा उम्मेदवार दिनका निम्ति सम्पत्ति विवरण बुझाउन पर्ने विधानमा व्यवस्था गर्ने ।
- वडा तहदेखि संसद सम्मको उम्मेदवार प्रस्तुत गर्न कार्यकालको कार्ययोजना अनिवार्य वैधानिक व्यवस्था गर्ने
- समानुपातिक निर्वाचन प्रणाली हटाई संसद संख्या कम गर्ने र उम्मेदवारीमा समावेशीलाई पुर्ण रुपमा लागु गर्ने गरी व्यवस्था मिलाउन संविधान संशोधनमा पहल गर्ने ।
- नेपाली कांग्रेसको नीतिः उद्यमशीलता सहितको राजनीति अभियान संचालन गर्ने ।
- जुनसुकै तह र क्षेत्रमा उम्मेदवारी दिन कार्य योजना प्रस्तुत गर्ने बाध्यकारी व्यवस्था गर्ने ।
- आरक्षणमा नदोहोरिने व्यवस्था मिलाउने ।

**जय नेपाल ।**